के तपाईको घर पा(नीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०१२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २७ गते शनिबार ❑ 12 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

पोखराका चोकमा रहेका सालिक पार्कमा स्थानान्तरण गरिँदै

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

पोखरा महानगरपालिकाले बजार क्षेत्रका मुख्य चोकमा रहेका सबै सालिक स्थानान्तरण गर्ने भएको छ । सालिकका कारण ट्राफिक व्यवस्थापनमा समस्या बढ्दै गएको भन्दै सालिक स्थानान्तरण गर्न लागिएको हो ।

पोखरा बजार क्षेत्रमा राष्ट्रिय विभूतिलगायत सबैका सालिक एक महिनाभित्रमा पोखरा-१८ जामुनबोटस्थित विभूति पार्कमा राख्ने महानगरको योजना छ । पोखरा महानगर प्रमुख धनराज आचार्यको अध्यक्षतामा शुक्रबार महानगर कार्यालयमा बसेको सर्वदलीय/सर्वपक्षीय बैठकले चोक तथा सडकमा रहेका सालिक हटाउने निर्णय गरेको हो । महानगरमा क्रियाशील राजनीतिक दल, सरकारी निकाय तथा सरोकारवाला सङ्घसंस्थासँग आवश्यक समन्वय गरी एक महिनाभित्र स्थानान्तरण तथा व्यवस्थापन गरिने प्रमुख आचार्यले बताउनुभयो । महानगरले बजार क्षेत्रको ट्राफिक व्यवस्थापनलगायत अन्य कुरालाई ध्यान दिँदै सडकका बीचमा सालिक राख्न सक्ने अवस्था नभएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पोखरा महानगरभित्रका सबै सालिकको सम्बन्धमा महानगरमा क्रियाशील राजनीतिक दल, सरकारी निकाय तथा सरोकारवाला सङ्घसंस्थासँग आवश्यक समन्वय गरी स्थानान्तरण व्यवस्थापन गर्ने निर्णय गरेका छौँ । एक महिनाभित्र सडकमा रहेका सबै सालिकको व्यवस्थापन गरिसक्छौँ ।" बैठकले साविकको पृथ्वीचोक हालको लखनचोकमा नेपालमा प्रथम सहिद लखन थापाको सालिक अगाडि राखिएको राष्ट्रिय विभूति पृथ्वीनारायण शाहको तस्बिरलाई हटाई पोखरा महानगरपालिकामा सुरक्षित साथ राख्ने निर्णय गरेको छ। पोखराका चोकमा रहेका सालिकहरूको ससम्मान व्यवस्थापन गर्ने सम्बन्धमा महानगरपालिका तथा प्रतिबद्ध रहेको प्रमुख आचार्यले बताउनुभयो । महानगरले निर्माण गरेको सहिद तथा विभूति पार्कमा बाजागाजासहित सम्मानपूर्वक सबै सालिकको व्यवस्थापनका लागि सबै सरोकारवालाहरू सहमत भएको महानगरको भनाइ छ । कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले राष्ट्रिय विभूतिहरूको सालिक सडकमा राख्नुभन्दा पनि व्यवस्थित ढङ्गले महानगरले व्यवस्था गरेको स्थानमा राख्नु नै उपयुक्त हुने बताउनुभयो । विवादको शान्तिपूर्ण समाधानमा जोड दिनुभएका घिमिरेले दीर्घकालीन रूपमा सडकमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

डिजेल चोरीको आरोप लागेका डिपो प्रमुख दास सम्पर्कविहिन

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

नेपाल आयाल निगम गगनगौडा डिपो गण्डकी प्रादेशिक कार्यालयका प्रमुख चित्तरन्जन दास सम्पर्क विहिन भएका छन् । बिहिबार चेकजाँचको क्रममा कार्यालयबाट चोरी गरी ३ हजार लिटर डिजेल बिक्रिको लागि लगेको पुष्टि गरेसंगै उनी सम्पर्क विहिन भएका हुन् ।

यो समाचार शुक्रबार दिउँसो ३:०० बजे तयार पार्दासम्म कार्यालय प्रमुख दास सम्पर्क विहिन भएका छन् । उनको खोजी कार्य भई रहेको छ । उनले प्रयोग गर्ने कार्यालयको मोबाइल समेत स्विचअफ रहेको छ । कार्यालयबाट पश्चिमाञ्चल पेट्रोल पम्पका लागि ग २ ख ८३६ नम्बरको ट्याङकरमा १५ हजार डिजेल लोड भई पम्पमा लैजादै गर्दा डाँडाको नाक प्रहरी चौकीले बिहिबार चेकिङ गर्दा कार्यालयले भने भन्दा ३ हजार बढी डिजेल लोड भएको पुष्टि गरेको हो । यस बिषयमा जिल्ला प्रशासन कार्यालय कास्कीले डिजेल चोरीको आरोपित दासको खोजि कार्य भई रहेको जनाएको छ । उक्त ट्याङकर सहित चालकलाई प्रहरीले आफ्नो नियन्त्रणमा लिएको छ ।

प्रारम्भिक रुपमा ३ हजार डिजेल चोरी गरी बिक्रिको लागि लैजान लागेको बुझिए पनि यसको बिषयमा हाल छलफल गरी प्रमुख दासलाई कस्तो कार्वाही गर्ने त्यसको बारेमा निर्णय गर्ने जिल्ला प्रशासन कार्यालय कास्कीका सूचना अधिकारी गुरुदत्त ढकालले बताए । उनलाई हिजो देखि सम्पर्क गर्दा अझै सम्पर्कमा नआएकोले आफुहरुले विभागिय कार्वाहीको लागि सिफरिस गर्ने वा केही कार्वाही गर्ने छलफल गर्ने सूचना अधिकारी ढकालले जनाए ।

यस बिषयमा पश्चिमाञ्चल पेट्रोल पम्पका संचालक बाबुराम जमरकट्टेलसंग मोबाइलमा सम्पर्क गर्दा मोवाइल स्विच अफ रहेको छ । व्यवसायीको मिलेमतोमा कार्यालय प्रमुख दासले राज्यको सम्पत्ति दुरुपयोग गर्दै आफु खुसि मनोमानी गरेको हुन सक्ने पोखरेलीले आशंका गरेका छन् ।

ऊर्जा दक्षता भवन प्रवर्द्धन विषयक कार्यशाला

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको सहकार्यमा युरोपियन युनियनको स्वीच-एसिया कार्यक्रमको आर्थिक सहयोगमा 'बिल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल' (बिइएन) परियोजनाले गण्डकी प्रदेशका विभिन्न १६ वटा पालिकाका प्रमुख एवं प्राविधिकबीच अभिमुखीकरण तथा परामर्श कार्यशाला गरेको छ।

कार्यशालामा भवन निर्माणमा ऊर्जा दक्षताको आवश्यकता र औचित्यलगायत विषयमा विषय विज्ञहरूको प्रस्तुति रहेको थियो । ऊर्जा दक्षतालाई ध्यान दिँदै भवन निर्माण गर्दा त्यसमा आवश्यक नभएको उर्जा खपतलाई न्यूनीकरण गर्न सकिनेमा वक्ताले जोड दिए । कार्यक्रम उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सहरी विकासका सन्दर्भमा नेपालभित्र एउटै नीति हुनुपर्ने भए पनि त्यो हुन नसकेको बताउनुभयो । बन्ने नीति दीर्घकालीन नहुनाका साथै भए पनि छ/छ महिनामा फेर्ने प्रवृत्ति समस्याका रूपमा देखिएको उहाँले बताउनुभयो । सहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यान्वयन एकाइ प्रमुख सुरज पौडेलले ऊर्जा दक्षता भवन निर्माणमा भौगोलिक अवस्थिति, हावापानी आदिलाई ध्यान दिनु जरुरी रहेको बताउनुभयो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव ऋषिराज आचार्यले परियोजनाअन्तर्गत देशभरका ६० वटा पालिका छनोट भएको र गण्डकीमा १६ वटा पालिकासँग परियोजनाले मिलेर काम गरेको बताउनुभयो । कार्यशालामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक शुभलक्ष्मी श्रेष्ठ, विन परियोजनाका सानुबाबु डङ्गोल, उषा मास्के मानन्धर, दिव्या आचार्य, नीति विशेषज्ञ ओम राजोपाध्यायलगायतले ऊर्जा दक्षता, कार्बनको प्रकृतिलगायत विषयमा चर्चा गर्नुभएको थियो ।

निर्माण क्षेत्रमा ऊर्जा दक्षताको महत्वबारे प्रकाश पार्दै उहाँहरूले नेपालमा दिगो निर्माण क्षेत्रलाई अगाडि बढाउन नगरपालिकाले निर्वाह गर्नसक्ने निर्णायक भूमिकालगायतमा प्रकाश पारिएको थियो । उक्त अवसरमा परियोजना र पालिकाबीच विन परियोजना सञ्चालन सम्बन्धमा सम्झौतापत्रमा हस्ताक्षर गरिएको थियो ।

पूर्वाधार विकासमा प्रदेश सरकार गम्भीर छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
तनहुँ, २६ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पूर्वाधार विकासमा प्रदेश सरकार गम्भीर भएर लागेको बताउनुभएको छ।

जिल्लाको ऋषिङ्गको-४ मधुवन र ५ रुपटार मधुवन जोड्ने ज्वाला खोलामा निर्मित पक्की पुलको शुक्रबार उदघाटन गर्दै उहाँले पूर्वाधार विकासमा प्रदेश सरकारले चासो दिएर काम गरिरहेको स्पष्ट पार्नुभयो । कूल रु तीन करोड २१ लाखको लागतमा २५ मिटर लम्बाइको पक्की पुल निर्माण हालै सम्पन्न गरिएको हो । "अहिले पुल उदघाटन गर्न आएँ, छिट्टै यसै क्षेत्रमा सिँचाइ आयोजनाको पनि उदघाटन पनि गर्न आउनेछु", उहाँले भन्नुभयो ।

गाउँमा विकास हुने तर बसाइसराइँका कारण गाउँ रित्तिँदै गएकोतर्फ मध्यनजर गर्दै नागरिकले औलो उठाउने किसिमले कुनै पनि विकास निर्माण नगरिने उहाँले बताउनुभयो । सोही वडास्थित दुई सय वर्ष पुरानो गढ्केश्वर महादेव मन्दिरलाई धार्मिक पर्यटकीयस्थलको रुपमा विकास गरिने उहाँले जानकारी दिनुभयो ।

नवलपुरको बुलिङ्गटार-६ र ऋषिङ्ग गाउँपालिका-५ को पिपलटार-अत्रौली जोड्ने पक्की मोटरेवल पुल बन्ने स्थलको निरीक्षण गर्दै प्रदेश सरकारले कठिनाई अवस्थामा पनि रु ४२ करोड बिनियोजन गरेको उहाँको भनाइ छ। सो अवसरमा मुख्यमन्त्री पाण्डेले ऋषिङ्ग-५ पिपलटारमा निर्माणधीन औद्योगिक ग्रामको पनि अवलोकन गर्नुभएको थियो ।

गण्डकी प्रदेशका भौतिक पूर्वाधारमन्त्रीरेशमबहादुर जुग्जालीले गण्डकी प्रदेश सरकारले विकास र पूर्वाधारलाई प्राथामिकतामा राखेर काम गर्दै आएको बताउनुभयो । सो अवसरमा गण्डकी प्रदेशका अर्थमन्त्री जीतप्रकाश आले, भूमि व्यवस्था तथा कृषि मन्त्री महेन्द्रध्वज जिसी लगायत सहभागिता थियो ।

प्रस्तावित शिक्षा विधेयक संसोधन गर्न निजि विद्यालय संगठनको माग

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

प्रस्तावित शिक्षा विधेयक २०८० मा निजि विद्यालयलाई अकुंश लगाउन खोजेको भन्दै निजि विद्यालयका संगठनले विरोध जनाएका छन् ।

शिक्षा ऐन २०२८ लाइ प्रतिस्थापन गर्न सरकारले विद्यालय शिक्षा सम्वन्धी कानुनलाई संसोधन र एकिकरण गर्न वनेको विधेयक २०८० मन्त्रिपरिषदबाट पारित गरेसँगै निजि विद्यालयका संगठनले यसको असन्तुष्ट जनाउदै विरोध गरेका हुन् । कम्पनी मार्फत सञ्चालन विद्यालयहरुलाई ५ वर्ष भित्र गुठीमा रुपान्तरण र दायित्व फरफराकको विषयलाई समावेश गरी निजि लागानीको शिक्षा क्षेत्रलाई निरुत्साहित गर्ने मात्र होइन मास्ने अभिप्रायका साथ विधेयक ल्याएको भन्दै असहमति प्रकट गरेका छन् । यसै विषयलाई लिएर निजि विद्यालयका संगठनले विधेयक संसोधन नगरे आइतबार देखि अनिश्चितकालिन विद्यालय पठन पाठन वन्द लागएका आन्दोलनका कार्यक्रम सार्वजनि गरेको थियो । यद्यपी शुक्रबार नै सिंहदरवारमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का

शिक्षामन्त्री अशोक राइसहित सरोकारवालाहरुको वीचको छलफलमा विद्यालय शिक्षा सम्वन्धी विधेयक निजि विद्यालयका संगठनले उठाएको माग सम्वोधन गर्न सरकार तयार भएसँगै पूर्वनिर्धारित आन्दोलनका कार्यक्रम भने स्थगित भएको छ ।

यसै विषयमा रहेर कास्कीका निजि विद्यालयका संगठन प्याव्सन कास्की, हिसान कास्की, एनप्याव्सन कास्की र युनिप्स नेपालले प्रस्तावित शिक्षा विधेयक २०८० माथि सरोकारवाल पक्ष सँग निजि विद्यालयहरुका मूख्य विमती सम्वन्धमा जानकारी गराएको थियो । कार्यक्रममा राजनितिक दल, विभिन्न शिक्षक संघका प्रतिनिधि, अभिभावक संघका प्रतिनिधि, नागरिक समाज विभिन्न विद्यार्थी संगठनका प्रतिनिधि प्रध्यापक व्यवसायीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्ने सरोकारवालाहरुले निजि विद्यालयहरुको लगानीको सुनिश्चितता गरेर मात्रै विधेयक आउनु पर्ने तर्क गरेका थिए ।

उनीहरुले शिक्षा विधेयक आवश्यक भएको तर यस विषयमा सरोकारवालासँग कुनै छलफल नै नगरी आएका कारण विवाद सिर्जन भएको बताए । प्याव्सनका केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश इञ्चार्ज कृष्ण केसीले प्रस्तावित विधेयक व्यक्तिगत सम्पती हडव्न खोजेको प्रष्ट भएको बताए। 'शिक्षा विधेयक आउनु पर्दछ हामीले पनि चाहेका छौ तर व्यक्तिगत सम्पती नै हडव्ने गरी आएको यो विधेयक कस्तो खालको हो' उनले भने, 'सरकारलाई अव निजि विद्यालयको आवश्यकता छैन भनेर भन्छ भने हाम्रो लागनी अनुसारको मूल्य दिइयोस हामी सरकारलाई आजै विद्यालयका तालचापी वुझाउछौं ।' एन प्याव्सन गण्डकी प्रदेशका अध्यक्ष रामबहादुर मोचीले नेपालको शिक्षालाई नै वर्वाद गरेर विधेयक आएको भन्दै आपत्ती प्रकट गरे । नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त वराल सम्पती संरक्षण र रोजगारको सुनिश्चितता गर्न काँग्रेस साथमा रहने बताए । नेकपा एमाले पोखरा महानगर पालिकाका अध्यक्ष दिलिप न्यौपानेले निजि विद्यालयको भविश्य र लगानीको ग्यारेन्टीका पक्षमा एमाले दृढतापूर्वक उभिने बताए । नेपाल राष्ट्रिय अभिभाव संघ कास्कीका अध्यक्ष गोपाल गिरीले विद्यालय वन्द नगरिकन समस्याको समाधान खोज्नु पर्ने बताए । प्याव्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा एनप्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, हिसान कास्कीका अध्यक्ष यम रोका प्याव्सन कास्कीका सचिव पुष्प पराजुलीलगायतले बोलेका थिए ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

पाँच वर्षमा सवा लाख बढी घरमा खानेपानी धारा

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

पाँच वर्षभित्रमा गण्डकी प्रदेशका एक लाख २९ हजार सात सय ९४ घरधुरीमा खानेपानी धारा जडान गरिएको छ । गत आवमा मात्र २१ हजार चार सय ७४ निजी धारा जडान गरिएको प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सचिव इ डा सन्तोष कैनीका अनुसार आव २०७५/७६ देखि गत आवको अन्त्यसम्ममा थप छ लाख ७४ हजार नौ सय २९ जनसङ्ख्या आधारभूत खानेपानी सुविधाबाट लाभान्वित भएका छन्। हालसम्म प्रदेशमा ९४ दशमलव १८ प्रतिशत जनसङ्ख्यामा खानेपानी सुविधा पुगेको सचिव कैनीले जानकारी दिनुभयो । मध्यम तथा उच्चस्तरको खानेपानी सुविधाबाट लाभान्वित हुने जनसङ्ख्या भने जम्मा १८ प्रतिशत छ । गत आवमा धारा जडानका लागि प्रदेश सरकारले रु एक अर्ब ७२ करोड ३० लाख ७५ हजार खर्च गरेको थियो । जसबाट १२ हजार आठ सय ३७ धारा जडान भएका थिए।

शसर्ततर्फको रु ५९ करोड २३ लाख बजेटबाट पाँच हजार नौ सय ३६ र विशेष अनुदानको रु ३३ करोडबाट दुई हजार सात सय एक धारा जडान गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको खानेपानी शाखाका इन्जिनियर टेकन पण्डितले 'एक घर, एक धारा'को लक्ष्य पूरा हुन अझै केही वर्ष लाग्ने बताउनुभयो । प्रदेश सरकारले सन् २०२५ सम्ममा सत प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिएको छ। "९१ प्रतिशत जनसङ्ख्या पहिल्यै आधारभूत स्तरको खानेपानीको पहुँचमा थियो, प्रदेश सरकार आएपछि त्यो ९४ दशमलव १८ मा पुगेको छ", उहाँले भन्नुभयो, "यही गति रहेमा लक्ष्य भेट्टाउन अझै दई/तीन वर्ष लाग्ने देखिन्छ ।" इन्जिनियर पण्डितले आव २०७८/७९ को तुलनामा गत आवमा खानेपानीमा झण्डै एक अर्ब बजेट घटेको बताउनुभयो । आव २०७८/७९ मा प्रदेश सरकारले रु तीन अर्ब बढी बजेट खानेपानी क्षेत्रका लागि छुट्टाएको थियो । उक्त वर्ष २७ हजार खानेपानी धारा जडान गरिएको थियो । चालु आवमा पनि खानेपानीको बजेट घटेको छ। सशर्ततर्फ पनि सङ्घ सरकारबाट जम्मा ४९ करोड ५२ लाख बजेट आएको मन्त्रालयले जनाएको छ । प्रादेशिक, शसर्त र विशेष अनुदान गरेर यो वर्ष खानेपानीका लागि जम्मा रु दुई अर्ब १४ करोड बजेट विनियोजन भएको इ पण्डितले बताउनुभयो । मन्त्रालयले यो वर्ष ३० हजार निजी धारा जडान गर्ने लक्ष्य लिएको छ। इन्जिनियर पण्डितका अनुसार खानेपानी लिन आधा घण्टा बढी समय लागेमा मात्र आधार भूतस्तरको खानेपानीको सेवा नपुगेको मानिन्छ । खानेपानीको गुणस्तर सुधार गरी मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुऱ्याउने कार्यक्रमलाई पनि निरन्तरता दिइएको उहाँको भनाइ छ । प्रदेश स्थापनापछि विसं २०७४ मा गठित गण्डकी प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रैमा प्रदेशका सबै घरधुरीमा खानेपानी पुऱ्याउने निर्णय गरेको थियो । योबीचमा प्रदेशसभाको पहिलो कार्यकाल बित्यो । चारवटा सरकार बने । मुख्यमन्त्री र मन्त्रीहरू फेरिए । तर, खानेपानीको लक्ष्य भने अझै अधुरो छ । बर्सेनि बजेट घट्दा लक्ष्य प्राप्तिमा चुनौती थपिएको छ। सन् २०३० सम्ममा नेपालका सबै घरधुरीमा आधारभूतस्तरको खानेपानी सेवा पुऱ्याउने लक्ष्य सङ्घ सरकारको छ।

ज्येष्ठ नागरिकका हक कार्यान्वयन गर्न ज्ञापन पत्र बुझाईयो

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

कास्की जिल्लामा रहेका ज्येष्ठ नागरिक सम्बन्धी कार्य गर्ने बिभिन्न संघसंस्थाहरुले ऐन, कानुनमा भएका प्राबधान कार्यान्वयन गराउन सरकारी निकायहरुमा ज्ञापन पत्र प्रदान गरेका छन् ।

ज्ञापन पत्र गण्डकी प्रदेश सरकार, सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, पोखरा महानगर पालिका र कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष पेश गरिएको जानकारी ज्येष्ठ नागरिक संघ, पोखरा महानगरका अध्यक्ष भुपेन्द्र गिरीले दिएका छन् । ज्ञापन पत्रमा उल्लेख गरिएका बिषय बस्तु मध्ये ज्येष्ठ नागरिक ऐनमा भएको ब्यवस्था अनुसार सार्बजनिक यातायातको भाडा ५० प्रतिशत छुटको ब्यवस्था कार्यान्वयन हुनु पर्ने जनाईएको छ र यस्को लागि स्थानीय निकाय, जिल्ला प्रशासन, यातायात ब्यवसायी र ज्येष्ठ नागरिक संघ, कास्कीसंग संयुक्त बैठक बसी सहमति जुटाउन यहाँले समन्वयको भुमिका निर्वाह गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । यसै गरी स्वास्थ्य बिमाका लागि तोकिएका अस्पतालमा ज्येष्ठ नागरिकलाई सबै प्रकारका स्वास्थ्य परीक्षण, परामर्श एवम औषधिको फार्मेसी आदिमा ज्येष्ठ नागरिकको छुट्टै लाईनको ब्यवस्थाका लागि सहजिकरण गर्नु हुन भनी अर्को बिषयमा समेत ज्येष्ठ नागरिकहरुले आवाज उठाएका छन् । सामाजिक सुरक्षा भत्ता नविकरण तथा नयाँ सामाजिक सुरक्षा भत्ताको कार्ड बनाउँदा अशक्त ज्येष्ठ नागरिकलाई घर घरमा सेवा प्रदान गर्न सहजिकरण गर्नका लागि समेत स्थानीय सरकार संग माग गरिएको ब्यहोरा ज्येष्ठ नागरिक संघ, कास्कीका अध्यक्ष बिश्वेश्वर आचार्यले बताएका छन् । यसैगरी घरायसी तथा समुदायमा गरिने ज्येष्ठ नागरिक प्रति हुने दुर्ब्यवहार, यातना लगायतका बिषयमा परेका उजुरीलाई प्राथमिकताका आधारमा हेरिनु पर्ने वा पिडक सजायको भोगि ठहरे कारवाही गर्नु पर्ने सवाल पनि उक्त अवसरमा उठाईएको अध्यक्ष आचार्यले बताए। सम्पत्ति, जायजेथा सम्बन्धी झैझगडा, खर खिचलोमा परिवारका सदस्य वा नजिकका नातेदारले दुःख दिएमा ज्येष्ठ नागरिकका पक्षमा निशुल्क कानुनी संरक्षणको ब्यवस्था गर्नु पर्ने बिषय समेत उक्त अवसरमा उठाईएको कुरा ज्येष्ठ नागरिक प्रदेश संघका सचिव ईच्छा बहादुर वाग्लेले जनाएका छन् ।

यसै गरी अशक्त तथा असहाय ज्येष्ठ नागरिक यदि हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा संरक्षण लिएका, स्याहार सुसार तथा उपचार गरिएका निजको शेष पछि निजका नाममा रहेको चल, अचल सम्पत्ती हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रका नाममा कायम गराउने कानुनी ब्यवस्थालाई कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय

सरकारका प्रतिनिधिहरुले सघाउनु पर्ने जानकारी दिईएको कुरा पोखरा बृद्धाश्रमका कानुनी सल्लाहकार तथा अधिवक्ता गीता लामीछानेले राखिन् ।

उपरोक्त बिषयबस्तु उपर हुने कार्यान्वयनको लागि निर्माण हुने कार्यबिधि र संयुक्त अनुगमन टोलीको समन्वय गरिदिनु हुन भनी प्रदेश सरकार, स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालय, कास्कीलाई अनुरोध गरिएको कुरा गण्डकी ज्येष्ठ नागरिक संघका अध्यक्ष कुसुम केशव पराजुलीले बताएका छन् । महिला, बालबालिका, अपाङ्गता भएकाहरुको संघ संगठनहरुले आफ्नो हक अधिकारका लागि माग राखेर कायम गर्दै गएको अवस्थामा ज्येष्ठ नागरिकहरुले पनि आ-आफ्नो ठाँउबाट माग राख्नु स्वभाविकै रहेको उनको कथन थियो । उपरोक्त माग कार्यान्वयनमा ल्याउन आनाकानी गरेमा सम्बन्धीत निकायमा सशक्त कार्यक्रम सहित जाने जानकारी समेत अध्यक्ष पराजुलीले दिएका छन् ।

बङ्गुरपालन व्यवसायमा २४ करोडको क्षति

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

बङ्गुरमा देखिएको 'अफ्रिकन स्वाइन फिभर' रोगका कारण गण्डकी प्रदेशका बङ्गुरपालक किसानले झन्डै रु २४ करोड बराबरको क्षति व्यहोर्नुपरेको छ। गत वर्षको हिउँदमा पहिलोपल्ट नेपालमा सङ्क्रमण पुष्टि भएको उक्त रोगबाट गण्डकी प्रदेशभित्र १८ हजार २० बङ्गुरको मृत्यु भएको प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ।

"२२ हजार ६६ बङ्गुर सङ्क्रमित भएकामा ठूलो सङ्ख्यामा बङ्गुर मरे, करिब रु २४ करोड बराबरको क्षति भएको हाम्रो अनुमान छ", मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख डा गृष्म न्यौपानेले भन्नुभयो, "भाइरसजन्य यो रोगको सङ्क्रमण दर र मृत्युदर दुवै उच्च छ।" पछिल्लो समय भने उक्त रोग नियन्त्रणमा आइसकेको उहाँले बताउनुभयो । शङ्कास्पद लक्षण देखिएका बङ्गुरको अहिले पनि नियमित स्वास्थ्य परीक्षण हुँदै आएकामा उक्त रोगको सङ्क्रमण नदेखिएको हो । 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमण देखिएका बङ्गुर फार्मलाई ४५ दिनसम्म खाली गराई निसङ्क्रमण गरेरमात्र किसानले बङ्गुर पाल्न सुरु गरेको डा न्यौपानेले बताउनुभयो । उहाँका अनुसार उक्त रोग कास्की, लमजुङ, तनहुँ, बागलुङलगायत जिल्लाका बङ्गुर फार्ममा बढी देखिएको थियो । "सबैभन्दा बढी क्षति कास्कीमा भयो, अफ्रिकन स्वाइन फिभरबाट क्षति ब्यहोरेका किसानलाई आर्थिक सहायता दिन मन्त्रालयले व्यावसायिकता विकास कार्यक्रमका लागि यो वर्ष बजेट विनियोजन गरेको छ, त्यसबाट किसानलाई केही मात्रामा राहत पुग्छ", डा न्यौपानेले भन्नभयो। उक्त रोगको अहिलेसम्म ठोस औषधि र खोप पत्ता नलागेका कारण बङ्गुरलाई लक्षण कम गर्ने औषधिमात्र चलाउने गरिएको छ । 'अफ्रिकन स्वाइन फिभर' हुँदा बङ्गुरमा उच्च ज्वरो, शरीरमा धब्बा आउने, बढी च्याल छोड्ने, छेर्ने आदि समस्या देखिने गरेको पशु चिकित्सक बताउँछन् । सय वर्षअघि अफ्रिकामा देखिएको उक्त रोग दक्षिण एसिया हुँदै नेपाल प्रवेश गरेको बताइन्छ।

डा न्यौपानेले अन्तर्राष्ट्रिय सीमा नाकामा पशु क्वोन्टिन र चेकजाँचस्थल व्यवस्थित नहुँदा यस्ता रोगहरू भित्रने गरेको बताउनुभयो । उहाँले सरकारले खुला सिमाना भएको भारतसँगका नाकामा विशेष निगरानी गर्नुपर्ने उल्लेख गर्नुभयो। अन्तरप्रदेश नाकामा पनि पशु क्वोन्टिन राख्नुपर्ने उहाँले बताउनुभयो।

'अफ्रिकन स्वाइन फिबर' थामिएसँगै किसान गाईभैंसीमा फैलिएको 'लम्पी स्किन' रोगबाट समस्यामा परेका छन् । दुवै रोगका कारण गण्डकी प्रदेशमा पशुपक्षीजन्य उत्पादनमा पनि ह्रास आएको छ । पछिल्ला दुई वर्षमा दूध, मासु र अण्डाको उत्पादन घटेको मन्त्रालयले जनाएको छ । आव २०७८/७९ मा दुई लाख ८२ हजार एक सय ८६ मेट्रिक टन दूध उत्पादन भएकामा गत आवमा दुई लाख ६४ हजार आठ सय ४९ मेट्रिक टनमा सीमित रह्यो । जुन छ दशमलव १४ प्रतिशतले कमी हो । मासुको उत्पादनमा पनि आठ दसमलव ४७ प्रतिशतले कमी आएको छ। आव २०७८/७९ मा ६२ हजार दुई सय ६० मेट्रिक टन उत्पादन भएकामा गत आवमा जम्मा ५६ हजार नौ सय ८७ मेट्रिक टन मासु उत्पादन भएको जनाइएको छ। मन्त्रालयका अनुसार आव २०७८/७९ मा ३४ करोड ३७ लाख गोटा अण्डा उत्पादन भएको थियो। गत आवमा त्यो सङ्ख्या घटेर २४ करोड ५० लाख गोटामा पुगेको जनाइएको छ। अण्डा उत्पादनमा एकै वर्षमा २८ दशमलव ७२ प्रतिशतले गिरावट आएको हो । दानाको मूल्यवृद्धि, चल्लाको उपलब्धतामा कमी जस्ता कारणले अण्डा उत्पादन घटेको डा न्यौपानले बताउनुभयो । 'लम्पी स्किन' रोग लागेर गण्डकीमा हालसम्म तीन हजार दुई सय ४७ गाईवस्तुको मृत्य भएको छ भने ३१ हजार तीन सय पाँच निको भएका छन् । ३८ हजार पाँच सय ३६ गाईभैंसी अहिले पनि सङ्क्रमित अवस्थामा छन् ।

'पोखरा ...

सालिक रहन्नन् भन्ने कुराको जानकारी हुँदाहुँदै पनि क्षणिकरूपमा सडकमा राख्ने विषयको वकालत गर्नु उपयुक्त नहुने बताउनुभयो । राष्ट्रले मानेका व्यक्तिहरूको सम्मान गर्नु नागरिकको दायित्व हुने भएकाले ती सम्मानित व्यक्तिहरूको सालिक व्यवस्थापनको विषयलाई स्वार्थसँग जोड्न नहुने बताउनुभयो । बैठकमा सहभागी दलका प्रमुख तथा प्रतिनिधिहरूले सडकमा रहेका सालिकको उचित व्यवस्थापनमा सबैको सहमति जनाएका छन् । सडकको बीचमा सालिक राख्दैमा उनीहरूको योगदानको सम्मान नहुने भन्दै एकीकृत रूपमा सबै सम्मानित व्यक्तिहरूको प्रतिमा व्यवस्थापनमा दलहरूले जोड दिए । सरोकारवाला सङ्घसंस्थाका प्रतिनिधिहरूले सालिकको विषय साझा अपनत्वको रूपमा सम्मानजनक व्यवस्थापन हुनु आवश्यक रहेको बताउनुभयो ।

सामाजिक रूपमा कायम सद्भावलाई खलल पुऱ्याउने काम कोही कसैबाट हुन नहुने भन्दै उनीहरूले एक महिनाभित्र सबै सालिकहरूको व्यवस्थापन विभूति पार्कमा गर्ने विषयमा सहमति जनाएका छन् ।

पोखरा-३२, कास्कीको खानेपानीको मन्त्री तिवारीद्धारा उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश सरकारद्वारा निर्माण भएको ढोडवेशी मालेपाटन खानेपानी तथा सरसफाई आयोजना पोखरा महानगरपालिका वडा -३२, कास्कीको गण्डकी प्रदेश सरकारका प्रवक्ता एवम् उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री माननीय सरस्वती अर्याल तिवारीले उद्घाटन गर्नु भएको छ।

उक्त कार्यक्रममा माननीय सरस्वती गुरुङ, मन्त्रालयका सचिव ज्यु र अन्य कर्मचारीहरु, खानेपानी तथा सरसफाई डिभिजन स्याङ्गजाका कार्यालय प्रमुख सहित प्राविधिकहरु, पोखरा महानगरका जनप्रतिनिधि, खानेपानी उपभोक्ता समिति र लाभान्वित समुदायहरुको उल्लेखनीय उपस्थिति थियो ।

उक्त आयोजनाले करिब ३६४ घरधुरी लाभान्वित भएका छन् र उक्त आयोजना निर्माणको

लागि करिब ३ करोड रुपैयाँ खर्च भएको छ।

माननीय मन्त्रीबाट योजनाको बृस्तित प्राविधिक जानकारी र वित्तीय जानकारी सहित निर्मित संरचनाहरुको स्थलगत अनुगमन गरिएको छ र लाभान्वित घरधुरीलाई योजनाको अपनत्व ग्रहणगरि नियमित मर्मत संभारमा लाग्न आग्रह गरिएको छ।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
- शरिरको एक हर नचल्ने ।
- मुख बाङ्गो भएको ।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

- **पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
- **महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
- **सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।
- **मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बृभोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

पाँच वर्षदेखि खानेपानी आयोजना अधुरै

रासस
बागलुङ, २६ साउन

३४ करोड खर्चेर तयार पारिएको बागलुङ नगर बृहत् लिफ्ट खानेपानी आयोजनाको पाइप लाइन छ पटकसम्म फुस्कियो । क्रङ्क्रिटको पोलमा राखेर पाइप लाइन विस्तार गरे पनि खानेपानीको चाप धान्न नसकेर क्रङ्क्रिटको पोलसहित पाइप फुस्किँदा आयोजनाको डिजाइनमै त्रुटि रहेको पाइएको छ ।

पाँच वर्षअघिदेखि सुरु भएको आयोजनाको बल्ल ९० प्रतिशत काम सम्पन्न भएको छ भने परीक्षणमै समस्या देखिएको हो । अन्तिम चरणमा लिफ्ट आयोजना पुग्दा बागलुङ बजारवासीले सहज ढङ्गले खानेपानी पाइने भयो भन्ने आशामा थिए । तर भौगोलिक अवस्थाका कारण परीक्षणका लागि काठेखोलाको पानी लिफ्टमार्फत तान्दा विभिन्न छ स्थानमा पाइप फुस्किएको छ । परीक्षण नै असफल भएपछि अहिले खानेपानीको पाइप लाइनको विषयमा विज्ञ समूहले अध्ययन गरिरहेको पाइएको छ ।

पटक-पटक म्याद थपेर सम्पन्नताको चरणमा पुगेको खानेपानी आयोजनाको पाइप फुस्कने समस्याले आयोजनाको पाइप लाइनको डिजाइनमै समस्या देखिएको छ । खानेपानी आयोजनाको पाइप लाइनको डिजाइनमा अहिले राखिएको पाइप उपयुक्त नभएको भन्दै आफूले पटक-पटक आवाज उठाउँदासमेत सुनुवाइ नभएको स्थानीय रुद्र महतले बताउनुभयो । आयोजनामा अहिले डिआइ पाइप प्रयोग गरिएको छ जुन पानी तान्ने क्रममा पटक-पटक वासरबाट कङ्क्रिटको पोलसहित फुस्केको नगर खानेपानी तथा उपभोक्ता संस्थाले जनाएको छ । बागलुङ नगरपालिका-३ स्थित काठेखोलाको पानी कैलाम पोखरीबाट दुई सय ५० मिटरमाथि रातामाटामा पुऱ्याउने गरी आयोजना अन्तिम चरणमा पुगे पनि पाइप लाइनमा त्रुटि देखिँदा आयोजना थप अन्योल बनेको छ ।

बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका प्रबन्धक हिमालप्रसाद शर्माले निरन्तर पहिरो खसिरहने भूगोलमा डिआइ पाइप उपयुक्त नहुने उल्लेख गर्दै पाइप खरिद गर्नुभन्दा पहिला खानेपानी तथा ढल विभागमै पत्र पठाएको बताउनुभयो । हाल खानेपानी ल्याइरहेको मुहानको खानेपानीमा समेत उक्त पाइप पटक-पटक फुस्केर दुःख दिइराखेको अनुभव रहेको र लिफ्ट आयोजनाको उक्त पाइप परिवर्तन नभए मर्मतसम्भार गर्नसमेत पछि समस्या पर्ने उहाँ बताउनुहुन्छ । "लिफ्ट आयोजना सम्पन्नताको चरणमा पुगिसकेको थियो, परीक्षणका लागि पानी सञ्चालनसमेत गऱ्यो, लिफ्ट चलाएको पाँच-दश मिनेटमै पाइप लाइन जोडेको स्थानबाट वासरसहित फुस्किएर क्रङ्क्रिटको पोल नै भत्काउँछ", शर्माले भन्नुभयो, "छ पटकसम्म पाइप फुस्केपछि हामीले पूर्वानुमान गरेजस्तै भयो, हाम्रो माग स्टिल पाइप थियो तर डिजाइनमा भएको पाइप निर्माण व्यवसायीले हाल्नुभयो, अहिले उक्त पाइप लाइनबाट पानी चल्न छोड्यो ।" उपभोक्ता संस्थाको तदर्थ समितिका अध्यक्ष जयराम भारीले डिआइ पाइप पटक-पटक फुस्केका कारण वैकल्पिकरूपमा सानो जिआइ पाइप जोडेर खानेपानी रातमाटा पुऱ्याइएको जानकारी दिनुभयो । बागलुङकै ठूलो लिफ्ट आयोजनाका रूपमा रहेको बागलुङ नगर बृहत् लिफ्ट आयोजनाको सम्पन्न हुने समयमा पाइप लाइनमा त्रुटि देखिँदा आम उपभोक्तामा पुनः निराशा छाएकाले वैकल्पिकरूपमा सानो पाइपबाट भए पनि पानी वितरण गर्न थालेको भारीले जानकारी दिनुभयो ।

विसं २०७५ असार ३१ गते कन्काइ जयमाता जेभीले २०७७ सालमा निर्माण सक्ने गरी रु ३० करोड २६ लाख ५१ हजार लागतमा ठेक्का सम्झौता भएको थियो । निर्माण कम्पनीले चारपटक म्याद थप्दासमेत आयोजनास्थलको भौगोलिक कठिनाइ र कोरोना त्रासका कारण निर्माणमा ढिलाइ भएको दाबी गर्दै आएको छ। लिफ्ट आयोजनाको लागत अहिले बढेर रु ३४ करोड ५६ लाख पुगेको निर्माण व्यवसायीतर्फका इन्जिनियर विक्रम अधिकारीले बताउनुभयो।अधिकारीलेविभागले दिएको डिजाइनअनुसार काम सम्पन्न गर्नेतर्फ पुग्दासमेत पाइप लाइन पटक-पटक फुस्किँदा पानी माथि पुऱ्याउन नसकिएको बताउनुभयो । "निर्माण व्यवसायीले विभागले दिएको डिजाइनअनुसार खानेपानी आयोजना निर्माण गर्ने हो, हामीले खानेपानीको प्रशोधन कक्ष, विद्युतीय जडान र खानेपानी ट्याङ्कीसहित पाइप लाइनसमेत विस्तार गरिसकेका थियौँ" उहाँले भन्नुभयो, "परीक्षणका क्रममा पटक-पटक खानेपानीको फाइप लाइन फुस्किएर पानी तान्न सकेन, विभागले समस्याको विषयमा अध्ययन गर्न पठाएको थियो, आयोजना निर्माण भइसकेको छैन, निर्माण व्यवसायीले डिजाइनमा दिइएको पाइप जडान गरेका थियौँ तर पाइप लाइनमा समस्या देखियो, अध्ययन प्रतिवेदन र विभागको सुझाव आएपछि काम अगाडि बढ्छ ।" सङ्घीय खानेपानी तथा ढल व्यवस्था आयोजना कार्यालय म्याग्दीका सूचना अधिकारी इन्जिनियर नवीन सुवेदीले लिफ्ट खानेपानी आयोजनाको पाइप लाइनमा देखिएको समस्याका विषयमा अध्ययन भइरहेको बताउनुभयो । उहाँले विभागले विज्ञ समूहलाई खानेपानीको पाइप लाइन र भौगोलिक अवस्थाको अध्ययन गर्न दुई हप्ताअघि पठाएको बताउनुभयो । विभागले खटाएको विज्ञ समूहले तयार पारेको प्रतिवेदनअनुसार मुख्य समस्या थाहा हुने उहाँले बताउनुभयो । तत्कालै आयोजनाको काम अगाडि नबढ्दा उपभोक्तालाई पानी पुऱ्याउन वैकल्पिक व्यवस्था खानेपानी तथा सरसफाइ उपभोक्ताले गरेको छ। उक्त आयोजनाको ८८ प्रतिशत वित्तीय र ९० प्रतिशत भौतिक प्रगति रहेको छ ।

गोल्डेन ढाकाटोपीको फाइनलमा गण्डकीका १५ विद्यालय

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

पोखरामा जारी तेस्रो संस्करणको गोल्डेन ढाकाटोपी कल्चरल ग्रुप डान्स कम्पिटिसनको फाइनलमा गण्डकी प्रदेशका १५ विद्यालय छनोट भएका छन् । समूह चरणको अडिसनबाट सेमिफाइनमा प्रवेश गरेका २४ स्कुलबाट फाइनलमा १५ स्कुल पुगेका हुन् ।

प्रतियोगिताको फाइनलमा बालप्रभात बोर्डिङ स्कुल, सोसल पब्लिक स्कुल, डायमन्ड सेकेन्डरी स्कुल, माउन्ट हेभन इंग्लिस स्कुल, बालकल्याण हाइस्कुल, भाष्कर मेमोरियल स्कुल, बेसलाइन एकेडेमी, इमान्युअल स्कुल, पोखरा स्पाइरल ग्यालेक्सी, सबलाइम इंग्लिस सेकेन्डरी स्कुल, कास्की मोर्डनाइज्ड एकेडेमी, नेसनल क्रियसन एकेडेमी, नेपाल आदर्श आवसीय विद्यालय, न्यु मोडल सेकेन्डरी स्कुल, न्यु लेखनाथ पब्लिक एकेडेमी प्रवेश गरेका छन् ।

साउन १३ गते भएको सेमिफाइनलमा नगेन्द्र राई, बुद्धिप्रसाद गुरुङ 'गौरी' र राजबहादुर गुरुङले निर्णायकको भूमिका निभाएका थिए ।

विद्यालयस्तरीय विद्यार्थीको नृत्य प्रतिभा उजागरसँगै नेपाली कला, संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले हुँदै आएको प्रतियोगिताको आयोजना मिरर किङ इन्टरटेन्मेन्ट प्रालि र बिटुडी डान्स स्कुलले गर्दै आएको छ । प्रतियोगिताका संयोजक अमन तामाङले प्रतियोगिताको फाइनल भदौ २ गते शनिबार पोखरा सभागृहमा हुने जानकारी दिए । 'प्रतियोगितामा देशैभरिका विभिन्न जातजाति, धर्मसंस्कृतिका परम्परागत, मौलिक नृत्यहरु सहभागी भएका छन्,' उनले भने, 'त्यसैबाट हामीले उत्कृष्ट छनोट गर्नेछौं ।'

प्रतियोगितामा पहिलो हुने स्कुलले गोल्डेन ढाका टोपीसहित १ लाख रुपैयाँ, दोस्रो हुनेले ट्रफीसहित ७५ हजार रुपैयाँ, तेस्रोले ट्रफीसहित ५० हजार रुपैयाँ, चौथो हुने स्कुलले ट्रफीसहित ३० हजार रुपैयाँ र पाँचौं हुने स्कुलले ट्रफीसहित २० हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । 'उत्कृष्ट नृत्य निर्देशकलाई गोल्डेन ट्रफीसहित १५ हजार रुपैयाँको पनि व्यवस्था गरिएको छ,' तामाङले भने। प्रतियोगितालाई गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान, संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान तथा अन्य निजी संघसंस्थाले सहयोग गरेका छन् । सेमिफाइनलमा विभिन्न प्रज्ञा प्रतिष्ठानका कुलपति, उपकुलपतिलगायत पदाधिकारीको उपस्थिति थियो ।

व्यासका विकट क्षेत्रमा 'गाउँघर क्लिनिक'

पोखरापत्र संवाददाता
तनहुँ, २६ साउन

व्यास नगरपालिकाले विकट क्षेत्रका गाँउघर पुगेर स्वास्थ्य सेवा दिने उद्देश्यले 'गाउँघर क्लिनिक' सञ्चालनमा ल्याएको छ ।

भौगोलिक विकटता, यातायातको समस्यालगायत कारणले स्वास्थ्य सेवाबाट वञ्चित भएका गाउँमा नगरपालिकाले उक्त अभियान सञ्चालन गरेको हो ।

बजार क्षेत्रसँग जोडिए पनि भौगोलिक रूपमा विकट रहेका वडामा घरमै स्वास्थ्य पहुँच पुऱ्याउनका लागि क्लिनिक सञ्चालनमा ल्याइएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नगरपालिका भित्रका कतिपय गाँउ अझै विकट छन्, स्वास्थ्यको पहुँच पुग्न सकेको छैन", उहाँले भन्नुभयो, "उक्त क्लिनिकमार्फत हरेक महिनामा विकट गाउँमा स्वास्थ्यकर्मी सहितको टोली पुगेर जाँचगरी औषधि वितरण गर्नेछन् ।" उक्त कार्यक्रममा परिवार नियोजन, सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्य सेवा, गर्भपतनका जटिलताको रोकथामबारे परामर्श, यौनरोग तथा बाँझोपनबारे परामर्श, पाठेघर खस्ने समस्याको परीक्षण, किशोरकिशोरीको स्वास्थ्य सेवा, बाल स्वास्थ्य सेवा र साधारण उपचारलगायत सेवा दिइने जनस्वास्थ्य निरीक्षक लक्ष्मी गुरुङले बताउनुभयो । उहाँका अनुसार स्वास्थ्य जाँच गरेपछि निःशुल्करूपमा पनि औषधि वितरण गर्ने गरिन्छ ।

गाउँघरमै स्वास्थ्य सेवा पुग्न थालेपछि वडामा रहेको स्वास्थ्यचौकीमा आउने बिरामीको चाप कम भएको पतेनी आधारभूत स्वास्थ्यचौकीका इञ्चार्ज सुनिता श्रेष्ठले बताउनुभयो । गाउँघरका महिलाले पुरुष चिकित्सक तथा स्वास्थ्यकर्मीसँग खुलेर आफ्ना समस्या राख्न नसक्ने भएकाले यस कार्यक्रममा महिला टिम खटाइएको नगरपालिकाले जनाएको छ ।

पोखराको फोहर व्यवस्थापन गर्न सहमति

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

पोखरा महानगर क्षेत्रको फोहर व्यवस्थापनमा दुई सातादेखिको उत्पन्न समस्या समाधान भएको छ ।

पोखरा महानगरले अस्थायी फोहर बिसर्जनस्थल बनाएको पोखरा-३२ लामेआहालका स्थानीयवासीको अवरोधपछि फोहर व्यवस्थापनमा समस्या भएकामा बिहीबार महानगर र फोहर विसर्जनका विरुद्ध गठित सङ्घर्ष समितिबीच सहमति भएको हो ।

महानगरले फोहर बिसर्जनस्थलमा फोहर व्यवस्थापन गर्दा दुर्गन्ध फैलिएको, सम्झौताबमोजिम पूर्वाधार निर्माण नगरेको र सडक हिलाम्मे भएको भन्दै स्थानीयवासीले फोहर लैजान अवरोध गरेपछि केही दिन पोखराको फोहर उठ्न सकेको थिएन । स्थानीयवासीसँग वार्ता गरी समस्या समाधान गर्न महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा-२६ का वडाध्यक्ष नरेन्द्र थापा र वडा नं ३३ का अध्यक्ष रामचन्द्र अधिकारीलाईजिम्मेवारीदिनुभएको थियो । वडाध्यक्षद्वयको पहलमा स्थानीय, सङ्घर्ष समिति र महानगरबीच लामेआहालमै १८ महिना फोहर विसर्जन गर्ने सहमति भएको महानगरले जनाएको छ ।

सहमतिअनुसार फोहर बोकेका गाडी बिर्सजनस्थलमा बिहान ६:०० बजेदेखि बेलुका ४:०० बजेसम्म प्रवेश गरिसक्नुपर्ने छ भने तत्कालै माटोले फोहर पुर्ने कार्य आवश्यकतानुसार गर्नु पर्नेछ ।

बिर्सजनस्थलबाट कुनै पनि कबाडीजन्य सामग्री सङ्कलन गरिने छैन । सहमतिअनुसार लामेआहालमा क्षेत्रीय बसपार्क निर्माण सुनिश्चित गर्ने कार्य अगाडि बढाइनेछ । फोहरमैला बिर्सजनस्थलकाप्रभावितनागरिकको स्वास्थ्य बीमा गर्ने र फोहर मैला विर्सजनस्थलमा दुर्गन्ध नआउने गरी कीटनाशक विषादी छर्ने उल्लेख छ। स्थानीयलाई सीपका आधारमा रोजगारीमा पहिलो प्राथमिकता दिइने र विभिन्न विद्यालयलाई सहयोग उपलब्ध गराउनेलगायतका विषय सहमतिमा उल्लेख रहेको महानगर प्रमुख आचार्यले जानकारी दिनुभयो ।

स्थानीयले फोहर फाल्न रोक लगाउन अन्तरिम आदेशको माग गरी उच्च अदालत पोखरामा रिट दर्ता गरेकामा साउन २१ गते अदालतले अन्तरिम आदेश दिनु नपर्ने निर्णय गरेको थियो । त्यससँगै महानगरपालिकालाई लामेआहालमा फोहर व्यवस्थापनगर्नेकानुनीबाटोसमेत खुला भएको थियो । त्यसपछि महानगरले १२ दिनपछि फोहर विसर्जन गरेको थियो ।

अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै विमानस्थल नजिकको वर्षौंदेखिको फोहरबिसर्जनस्थलमाफोहरमैला लैजानरोकिएकोथियो। त्यसपछि महानगरले अस्थायीरूपमा छ महिनाका लागि भनेर लामेआहालमा विसर्जन गर्दै आएको छ । महानगरले पोखरा-३३ को पूँडीटारमा आठ सय ५० रोपनी क्षेत्रफलमा फोहर प्रशोधन केन्द्र बनाउने तयारी छ ।

म्याग्दीको थामडाँडा सामुदायिक वनलाई उत्कृष्ट वन राष्ट्रिय पुरस्कार

पोखरापत्र संवाददाता
म्याग्दी, २६ साउन

म्याग्दीको थामडाँडा सामुदायिक वन देशभरकै दोस्रो उत्कृष्ट सामुदायिक वन घोषित भएको छ ।

बिहीबार सामुदायिक वन दिवस, २०८० का अवसरमा काठमाडौँमा आयोजित कार्यक्रममा म्याग्दीको बेनी नगरपालिका वडा नं ४ स्थित थामडाँडा सामुदायिक वन देशभरका २२ हजार पाँच सय सामुदायिक वनमध्ये दोस्रो उत्कृष्ट सामुदायिक वन घोषित भएको डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो । सोही अवसरमा थामडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष देवबहादुर घलेलाई दोसल्ला र प्रमाणपत्रसहित रु ७५ हजार नगर पुरस्कार प्रदान गरिएको उहाँले जानकारी दिनुभयो ।

यसैगरी डिभिजन वन कार्यालय म्याग्दी पनि सम्मानित भएको छ । वन तथा भूसंरक्षण विभागले डिभिजन वन कार्यालय म्याग्दीलाई सम्मान गरेको हो । "यो म्याग्दीका लागि खुसीको खबर हो, जिल्लाका हरेक सामुदायिक वनलाई नमुना बनाउने हाम्रो प्रयास रहनेछ", उहाँले भन्नुभयो । काठमाडौँमा आयोजित कार्यक्रममा वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतो, मन्त्रालयका सचिव डाक्टर रेवतीरमण पौडेल, वन तथा भूसंरक्षण विभागका महानिर्देशक शिवकुमार वाग्लेले थामडाँडा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष देवबहादुर घलेलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

विभागले देशभरका सामुदायिक वनबीच प्रतिस्पर्धा गराएर गणेशमानसिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार प्रदान गरेको हो । यस वर्ष मोरङको कमलपुर सामुदायिक वन प्रथम भएको छ ।

सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, दिगो उपयोग, वातावरण सन्तुलन तथा जैविक विविधता संरक्षण एवं गरिबी न्यूनीकरणमा समेत पुऱ्याएको योगदानको मुल्याङ्कन गरी थामडाँडा सामुदायिक वनले दोस्रो उत्कृष्ट पुरस्कार हात पारेको हो ।

तपाईको आज

मेष	: सम्मान मिल्नेछ	तुला	: शत्रुको भय
वृष	: आर्थिक समस्या	वृश्चिक	: झमेला बढ्ने
मिथुन	: मानसिक तनाब	धनु	: कार्यमा सफलता
ककर्ट	: शारीरिक झमेला	मकर	: मन चञ्चल
सिंह	: ब्यापारमा लाभ	कुम्भ	: सहयोग मिल्नेछ
कन्या	: अप्रत्यसित लाभ	मीन	: सत्कार मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
नाम: जयन्द्र गौचन
विमा लेख नं. १३००७८८२२
ठेगाना: कुञ्ज-३, मुस्ताङ
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा
फोन: ९८५६०२०८४४

विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
नाम: बसन्तराज अधिकारी
विमा लेख नं. १३००१३०५५
ठेगाना: पोखरा-३१, कास्की (साविक लेखनाथ-१०, कास्की)
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा
फोन: ९८४६११४४६१

बुटिक बिक्रीमा

सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तु: बिक्रीमा छ ।

सम्पर्क:
९८१५१५६३०३

एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ९ निवासी भारतीय भू.पू. सैनिक नं. ५४५३५७५ पाई, एन.के. का अमर बहादुर गुरुङको श्रीमती कमल सुबा गुरुङको तर्फबाट बमोजिमका नेपाली नागरिकताको प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा फरक फरक नामथर तथा जन्ममिति उल्लेख भई अभिलेखमा फरक फरक नाम थर तथा जन्ममिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ९ वडा कार्यालयको च.नं. ४७ मिति २०८०/०४/१५ को पत्रबाट सिफारिस साथ लेखी आएकोले भारतीय पेन्सन प्रयोजनका लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर तथा जन्ममिति	भारतीय पेन्सन अभिलेखमा नामथर तथा जन्ममिति
कमल सुबा गुरुङ Kamal Subba Gurung जन्ममिति: २०४९/०४/०८ इ.स.: १९८४/०७/२३	कमला सुबा गुरुङ Kamala Subba Gurung जन्ममिति: २०४९/०४/०५ इ.स.: १९८४/०७/२०

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

चुँदीरम्घामा भानुभक्तकालीन घर बनाइँदै

-पूर्ण विके
तनहुँ, २६ साउन

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मस्थान भानु नगरपालिका-४ चुँदीरम्घा शिखरकटेरीमा भानुभक्तकालीन घर निर्माण गरिने भएको छ । हाल भग्नावशेष अवस्थामा रहेको आदिकवि आचार्यको घरलाई भने सोही अवस्थामा नै संरक्षण गरिने भएको छ ।

भानुजन्मस्थल विकास समिति र भानु नगरपालिकाको समन्वयमा पश्चिमाञ्चल विकास मञ्चले आदिकवि आचार्यको जन्मघरकै स्वरूपमा नयाँ घर बनाउन लागेको हो । नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिनुभएका आदिकवि आचार्यको सम्मानमा आफूहरूले देश तथा विदेशमा रहनुभएका व्यवसायीबाट रकम उठाएर भानुभक्तकालीन घर बनाउन लागेको विकास मञ्चका संस्थापक अध्यक्ष तथा भानुभक्त घर निर्माण समितिका संयोजक रामकाजी कोनेले जानकारी दिनुभयो ।

"हामी आफ्नै सक्रियता र व्यवसायीबाट जुटेको सहयोगबाट भानुभक्तकालीन घर बनाउने निष्कर्षमा पुगेका छौं", उहाँले भन्नुभयो । आचार्यको जन्मघरकै स्वरूपमा अर्को घर निर्माण नगरि एसम्म नेपाली साहित्यको सम्मान नहुने कोनेको भनाइ छ । उहाँले भन्नुभयो, "अब घर निर्माण ढिला गर्न हुँदैन । विभिन्न दाताबाट केही रकम जुटिसकेको छ । चाँडै घर निर्माण थाल्छौं ।" भानुभक्तकालीन घर निर्माणका लागि करिब रु एक करोड खर्च हुने मञ्चले जनाएको छ । उक्त घरको भित्री भाग सिमेन्ट र रडबाट निर्माण हुनेछ। एक वर्षभित्र नै सक्ने गरी निर्माण गरिने भूकम्पप्रतिरोधी उक्त दुईतले घरको बाहिरी आवरण भने परम्परागत र भानुभक्तकालीन शैलीको रहने छ । भग्नावशेष अवस्थामा रहेको आदिकवि आचार्यको घरको बाँकी रहेको ढुङ्गाको गाह्रोलाई भने सोही अवस्थामा तारबार गरी संरक्षण गरिने संयोजक कोनेले जानकारी दिनुभयो । हाल रहेको भग्नावशेष घरको पछाडि नयाँ घर निर्माण गरिने छ । "आदिकविको जन्मघर दुरुस्तै हुनुपर्छ भन्नेमा हामी प्रतिबद्ध छौं", कोनेले भन्नुभयो, "भानुभक्तकालीन त्यही घर र घरको भग्नावशेष हेर्न देश तथा विदेशबाट पर्यटक आउने विश्वास छ ।" मञ्चले सात वर्ष पहिले २०७३ सालमा रु ६८ लाख लागतमा उक्त घर बनाउन शिलान्याससमेत गरेको थियो । हाल सोही डिजाइनलाई केही परिमार्जन गरी घर बनाउन लागिएको हो ।

तर आगलागी र संरक्षण अभाव देखिएकाले त्यस समय आफूहरूले घर बनाउने काम रोकेको संयोजक कोनेले बताउनुभयो । भानुजन्मस्थल विकास समितिले २०५७ सालमा 'आदिकवि भानुभक्त' चलचित्र बनाउने क्रममा करिब रु एक लाख १० हजारको लागतमा आचार्यको जन्मघर पुनःनिर्माण गरेको थियो । विसं २०६० मा भानु सामुदायिक वनमा आगलागी हुँदा खरको छानो रहेको उक्त घर जलेर नष्ट भएको थियो । आगलागी हुनुअघि नै आदिकवि आचार्यले प्रयोग गर्ने मसी दानी, विभिन्न रचनाका पाण्डुलिपि, भाँडावर्तन, ओदान, ठेकी, मदानी, भोटेताल्चालगायतलाई भानुजन्मस्थल विकास समितिको हाताभित्र संरक्षण गरी राखिएको विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले बताउनुभयो।"आदिकविको घर हेर्न आउनेहरू भग्नावशेष देखेर खिन्न भएर फर्किने अवस्था छ", उहाँले भन्नुभयो, "अब भानुभक्तकालीन घर बनेपछि साहित्यिक पर्यटक बढ्ने विश्वास लिएका छौं ।" भानुजन्मस्थल विकास समिति मातहात कार्यालय परिसरमा चार रोपनी र स्थानीय पुरनडिहीमा १४ रोपनी तथा भानुभक्तको जन्मघर शिखरकटेरीमा करिब ५० रोपनी गरी कुल ६८ रोपनी क्षेत्रफल जग्गा छ। नेपाल सरकारले शिखरकटेरीमा करिब रु दुई करोड ६० लाख लागतमा दुई वर्ष पहिले निर्माण गरेको रामायण भवनको समेत उचित संरक्षण हुनसकेको छैन । शिखरकटेरीको ५० रोपनी क्षेत्रलाई संरक्षण गर्न लगाइएको पर्खालसमेत केही स्थानमा भत्किएको छ। राज्यले भानुजन्मस्थल विकासका लागि पर्याप्त बजेट विनियोजन नगर्दा संरचना निर्माणमा विभिन्न दाताको भर पर्नु पर्ने बाध्यता रहेको समितिले जनाएको छ । आर्थिक वर्ष २०७९/८० मा विकास समितिको बजेट चालुतर्फ रु १५ लाख र पुँजीगततर्फ रु २५ लाख मात्र रहेको छ। विकास समितिमा हाल एक कार्यकारी निर्देशक, एक खरिदार, एक चौकीदार र एक कार्यालय सहयोगी कार्यरत छन् । आदिकवि आचार्यको जन्मस्थललाई साहित्यिक पर्यटकीय गन्तव्यको रूपमा विकास गरी आर्थिक उन्नतीको लक्ष्य राखिएको भानु नगरपालिकाको कार्यालयले जनाएको छ। मञ्चले भानुभक्तकालिन घर बनाउन तत्परता देखाउनु सकारात्मक भएको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो । "भानुभक्त कालिन घर बनाउन विकास कोष अग्रसर हुनुलाई सकारात्मक रूपमा लिएका छौं", भानुजन्मस्थलमा बाटो र खानेपानीको व्यवस्था गरी सकेको बताउँदै अध्यक्ष त्रिपाठीले भन्नुभयो, "आगामी दिनमा भानुजन्मस्थलको व्यापक प्रचार गरी देश, विदेशका साहित्यकारलाई यो थलोमा जमघट गराउने योजनामा जुट्छौं ।"

भानु नगरपालिकाको कार्यालयले विभिन्न संघ संस्था र व्यक्तिको सहयोगमा आदिकवि आचार्यको एक सय आठ फिटको पूर्ण कदको शालिक बनाउने र भानुकालिन गाउँ बनाउने योजना राखेको प्रमुख त्रिपाठीले बताउनुभयो । बुबा धनञ्जय र आमा धर्मावतीको कोखबाट विक्रम सम्बत् १८७१ असार २९ गते आदिकवि भानुभक्त आचार्यको जन्म भएको थियो । हजुरबुबा श्रीकृष्ण आचार्यबाट संस्कृत शिक्षा पाउनुभएका अदिकवि आचार्यले संस्कृतमा लेखिएको रामायणलाई नेपालीमा उल्था गरी सबै नेपालीलाई भाषिक एकतामा जोड्नुभएको हो ।

उपकार फाउन्डेसनको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

महेन्द्र जनसहयोग आधार भूत विद्यालय, फेदीखोला-२, स्थानचौरको प्राङ्गणमा उपकार फाउन्डेसन, नेपालको प्रथम साधारणसभा हालै सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि फेदीखोला गाउँपालिका वडा नं.२ का वडाअध्यक्ष अविलास गुरुङले कार्यक्रमको उद्घाटन गर्दै पर्वतारोही, समाजसेवी तथा शिक्षा प्रेमी नोगुची केन जस्ता महान दाताहरूको सहयोगले नेपालको ग्रामीण विकासमा टेवा पुगेको बताए । फेदीखोला शिक्षा शाखा प्रमुख रामचन्द्र गुरुङले विगत ६र७ वर्षदेखि यस क्षेत्रमा नोगुची केनको अमूल्य देन रहेको बताए। समाजसेवी तथा सम्मानित व्यक्तित्व नेत्रबहादुर काकीले समाजमा महत्त्वपूर्ण योगदान पुर्याउने व्यक्तिलाई विद्यालयबाट टाढा राख्न नहुने बताए। सामाजिक अभियन्ता, समाजसेवी लाल काकी अन्जानले नोगुची केन र उपकार जस्ता समाजसेवी भएमा कोही निरक्षर हुनु नपर्ने बताउँदै उपकारको परोपकारी मनको प्रशंसा गर्दै एउटा गजल समेत सुनाए । कार्यक्रममा समाजसेवी शिव कुमार गौतम, चित्र बहादुर कार्की लगायतले सहयोग रकम थप र निरन्तर गर्नुपर्ने भनाइ राखेका थिए। सो अबसरमा पर्वतारोही, शिक्षाप्रेमी, समाजसेवी, जापानी नागरिक नोगुची केन, पिक एड र केन नोगुचीज फाउन्डेसन जापानको आर्थिक सहयोग एवम् उपकार फाउन्डेसन, नेपालको आयोजनामा महेन्द्र जनसहयोग आधारभूत विद्यालय स्थानचौरको पुस्तकालयका लागि पुस्तक, अन्य छिमेकी विद्यालयहरु शिवालय आधारभूत विद्यालय, खहरे आधार भूत विद्यालय, महेन्द्र जनसहयोग आधारभूत विद्यालय, काला भैरव माध्यमिक विद्यालय र अमोर बालगृहका विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरिएको थियो । सोही कार्यक्रममा फेदीखोला-२, खहरे निवासी क्यान्सर रोगबाट पीडित पूजा अधिकारी कार्कीलाई नगद १० हजार समेत प्रदान गरिएको थियो ।

निशुल्क जग्गा दान गरी विद्यालयको नाममा जग्गा धनी प्रमाणपूर्जा बनाइदिनु भएका समाजसेवी, फेदीखोला साना किसान कृषि सहकारी संस्था लि. का अध्यक्ष नेत्रबहादुर काकीलाई सम्मान समेत गरिएको थियो । उपकार फाउन्डेसन, नेपालका अध्यक्ष बलबहादुर गोदारको अध्यक्षतामा भएको कार्यक्रमको शिक्षक पार्वती कार्कीले सञ्चालन र शिक्षक गोदार उपमाले स्वागत गरेकी थिइन ।

तनहुँमा मौरी नश्ल सुधार कार्यक्रम

पोखरापत्र संवाददाता
दमौली, २६ साउन

तनहँमा मौरी नश्ल सुधार कार्यक्रम सञ्चालन हुने भएको छ। व्यावसायिक कीट विकास केन्द्र बन्दीपुरले चालु आर्थिक वर्षमा मौरी नश्ल सुधार कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

केन्द्रले मौरी, रेशम किरा र च्याउ गरी मुख्य तीन विषयमा अध्ययनसहित कार्यक्रम सञ्चालन गर्दै आएको निमित्त प्रमुख भवनाथ देवकोटाले जानकारी दिनुभयो । विभिन्न ठाउँबाट मौरी ल्याएर रानोसँग क्रस गराइने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "केन्द्रले मुख्य गरी मौरी, च्याउ र रेशम किरामा अध्ययन गर्दै आएको छ।

यस वर्ष मौरी नश्ल सुधार कार्यक्रम सञ्चालन गरी कृषकलाई मौरीसमेत वितरण गर्ने कार्यक्रम छ ।" चालु आवका लागि कार्यालयलाई रु दुई करोड ३५ लाख ८६ करोड बजेट विनियोजन गरिएको छ। त्यसमध्ये पुँजीगततर्फ रु ३० लाख ८० हजार र चालुतर्फ रु दुई करोड पाँच लाख छ हजार बजेट विनियोजन भएको छ।

कार्यालयले चालु आवमा मौर ीसहित घार, च्याउका बीउ वितरण गर्नुका साथै आवश्यक सीपसमेत सिकाउने कार्यालय प्रमुख देवकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार कृषकलाई ५० प्रतिशत अनुदानमा तीन सय ६० मौरीसहिको घार वितरण गरिनेछ।

त्यसका लागि रु १८ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ। त्यस्तै चार सय घारमात्र वितरण गर्नका लागि रु सात लाख ५० हजार बजेट विनियोजन गरिएको छ। उहाँले भन्नुभयो। "मौरीपालक कृषकलाई अनुदानमा घारसहितको मौरी, घारमात्रै वितरण गर्नुका साथै मौरीपालनका लागि आवश्यक तालिम पनि दिन्छौं ।" त्यस्तै च्याउ बीउ उत्पादनका लागि रु पाँच लाख बजेट विनियोजन भएको छ। केन्द्रमा पहिलोपटक च्याउ प्रयोगशाला निर्माण गरिँदैछ । उहाँले भन्नुभयो, "च्याउको अध्ययनका लागि पहिलोपटक कार्यालयमै प्रयोगशाला निर्माण हुँदैछ।" देवकोटाका अनुसार व्यावसायिक कृषकका लागि च्याउ स्रोत केन्द्र निर्माणका लागि रु दश लाख सहयोग गर्ने कार्यक्रम रहेको छ भने च्याउ खेती तालिम पनि प्रदान रिनेछ। कार्यालयमा कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको छ। दश जनाको दरबन्दी रहेको कार्यालयमा छ जना कार्यरत छन् । त्यसमाथि उपसचिव तहको कार्यालय प्रमुख नै रिक्त रहेको छ। "दरबन्दीअनुसारको कर्मचारी नहुँदा सेवा प्रवाहमा त समस्या छँदैछ, कार्यालयको व्यवस्थापकीय काममा पनि अप्ठेरो हुँदै आएको छ" ,उहाँले भन्नुभयो।

पद्म नर्सिङ होम र जयलक्ष्मी सहकारी बिच सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

पद्म नर्सिङ्ग होम प्रा.लि.ले जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.का सेयर सदस्यलाई उपचारमा छुट प्रदान गर्ने भएको छ।

पोखरा -३ नदिपुर स्थिति पद्म नर्सिङ्ग होम प्रा.लि.ले पोखरा-११ रानीपौवामा प्रधान कार्यलय रहेको जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सेयर सदस्यलाई नर्सिङ्ग होममा उपचार गराउदा बिशेष छुट सुबिधा उपलब्ध गराउने सम्झौता गरेको हो । दुबै संस्था बिच शुक्रबार उपचारमा छुट सुबिधा दिने सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर भएको छ । पद्म नर्सिङ्ग होम प्रा.लि. को तर्फबाट प्रबन्ध निर्देशक नरेन्द्र बास्तोला र जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.का तर्फबाट प्रमुख कार्यकारी अधिकृत शुसिल केसीले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ।

सम्झौता अनुसार नर्सिङ्ग होमले सहकारीका शेयर सदस्यहरुलाई बहिरंग (ओपिडी) सेवा बाहेकका अन्य उपलब्ध सेवाहरुमा २० प्रतिशत र औषधीमा ५ प्रतिशत छुट दिने पद्म नर्सिङ्ग प्रा.लि. सहायक ब्यवस्थाक नरेश पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार छुट सेवा प्राप्त गर्नका लागि सहकारीको सेयर सदस्य भएको आधिकारिक प्रमाण पत्र पेस गर्नु पर्ने छ । सम्झौतालाई आवश्यकता अनुसार परिमार्जित गरेर हरेक बर्ष नवीकरण गर्न सकिने नर्सिङ्ग होमले जनाएको छ। सम्झौतामा हस्ताक्षर गर्दै नर्सिङ्ग होमका प्रबन्ध निर्देशक बास्तोलाले आफ्नो संस्था नाफा मुलक मात्रै नभई सेवा भावलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको भन्दै सबैको पहुँचमा स्वास्थ्य सेवा पुर्याउने लक्ष लिएको बताउनुभयो। आफुहरुको परिवारको सदस्यको रुपमा जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.थपिएको र आगमी दिनमा छुट सुबिधालाई थप गर्दै लगिने प्रतिबद्धता पनि उहाँ व्यक्त गर्नुभयो । सहकारीका प्रमुख कार्यकारी अधिकृत केसीले आफ्नो संस्थासँग नर्सिङ्ग होमले सहकार्यको सुरुवात गरेकोमा खुसी व्यक्त गर्दै दुबै संस्था बिचको सम्झौताले एक आपसमा ब्यवसाय प्रबर्धनमा समेत सहयोग पुग्ने अपेक्षा गरेको बताउनुभयो । पद्म नर्सिङ्ग होमले यस अगाडी पोखरा -२६ मा कार्यलय रहेको सत्यता बचत तथा ऋण सहकारी संस्था लि. सँग पनि यस्तै सम्झौता गरेको थियो।

बिगत २८ बर्षदेखि पोखराको न्युरोडमा भाडाको भवनमा संचालनमा रहेको यस क्षेत्रकै पहिलो निजी अस्पताल पद्म नर्सिङ्ग होम प्रा.लि. गत असोज देखि पोखरा -३, नदिपुर स्थित आफ्नै सुबिधा सम्पन्न भवनबाट संचालनमा आएको थियो।

हस्पिटलमा २४ सै घण्टा आकस्मिक सेवा, मुटु तथा मेडिकल, जनरल सर्जरी, आँखा सम्बन्धि रोग, हाडजोर्नी तथा नशा रोग, नाक कान घाँटी सम्बन्धि रोग, बालरोग, स्त्रीरोग, छाला तथा एलर्जी, बाल दन्तरोग, नसा तथा मानसिक रोग लगायतका बहिरंग (ओपिडी) सेवा संचालनमा छन्। यस्तै अत्याधुनिक प्रयोगशाला, सबै प्रकारका अप्रेसन सेवाहरु, आइसियु, एनआईसियु, एक्सरे, भिडियो एक्सरे, इण्डोस्कोपी, कोल्नोस्कोपी, इकोकार्डियोग्राफी, एलर्जी परिक्षण एवं स्किन लेजर सर्जरी लगायतका सेवाहरु पनि संचालनमा रहेको हस्पिटलले जनाएको छ।

सांसद शर्मालाई थुना बाहिरै राखेर अनुसन्धान गर्न आदेश

रासस
काठमाडौं, २६ साउन

जिल्ला अदालत काठमाडौंले नक्कली शैक्षिक प्रमाणपत्र प्रकारणमा पक्राउ परेका नेपाली कांग्रेसका सांसद सुनिल शर्मालाई थुना बाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएको छ। न्यायाधीश दण्डपाणी शर्माको आजको इजलासले शर्मालाई थुना बाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले शर्मालाई शुक्रबार सरकारी वकिलको कार्यालयमार्फत अदालतमा म्याद थपका लागि उपस्थित गराएको थियो। सांसद शर्मालाई सीआइबीले बिहीबार काठमाडौंबाट पक्राउ गरेको थियो।

सोही प्रकरणमा पक्राउ परेका अन्य दुई जनालाई सात दिन र बाँकी तीन जनालाई पाँच दिन म्याद थप गरी अनुसन्धान गर्न अदालतले आदेश दिएको छ । शर्मा प्रतिनिधिसभा सदस्य भएकाले थुनामा राखिराख्नुपर्ने अपरिहार्यता नदेखिएको अदालतको ठहर छ।

निजी विद्यालय सञ्चालकको आन्दोलन स्थगन

रासस
काठमाडौं, २६ साउन

प्रस्तावित विद्यालय शिक्षासम्बन्धी विधेयकमा असन्तुष्ट निजी क्षेत्रका शैक्षिक संस्थाका सञ्चालकले पूर्वघोषित आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन् । आफूहरुसँगको परामर्शबिना गुठीमा रुपान्तरणको विषय आएकोमा आन्दोलनको घोषणा भएकोमा सरकारका उच्चपदस्थ पदाधिकारीसँगको मौखिक सहमतिमा उहाँहरुले आन्दोलन फिर्ता लिनुभएको हो।

उपप्रधानमन्त्री एवं रक्षमन्त्री पूर्णबहादुर खड्का, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई, नेपाल सरकारका मुख्यसचिव डा वैकुण्ड अर्याल, शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारी, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटासहितको उपस्थितिमा आफूहरुसँग भएको वार्तामा सो सहमति भएको जनाइएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)का अध्यक्ष डिके ढुङ्गाना, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोशिएसन (एन प्याब्सन)का अध्यक्ष पाण्डब हमाल, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल, (हिसान) अध्यक्ष रमेश सिलवालले आज संयुक्त विज्ञप्ति जारी गरी विद्यालय बन्दसमेतका आफ्ना विरोधका कार्यक्रम स्थगन गरिएको जनाउनुभएको हो।

श्री मार्फा डिस्ट्रीलरी उद्योग

घरपोझोङ-२, मार्फा, मुस्ताङ

मिति २०८०/४/१ गते देखि लागु हुने दररेट

ब्राण्डको नाम	वितरक मु.अ.कर समेत	थोक विक्रेता मु.अ.कर समेत	खुद्रा विक्रेता मु.अ.कर समेत	उपभोक्ता मूल्य मु.अ.कर समेत
M1987 ब्राण्डी ७५० ML (PREMIUM)	९,६६०/- प्रति पेटी	१०,४४०/- प्रति पेटी	११,०००/- प्रति पेटी	१०७५/- प्रति बोटल
SELTHU ब्राण्डी ७५० ML (१२ बोटल)	९,१४०/- प्रति पेटी	९,३००/- प्रति पेटी	९,८००/- प्रति पेटी	९७५/- प्रति बोटल
३७५ ML (२४ बोटल)	९,५००/- प्रति पेटी	१०,०००/- प्रति पेटी	१०,४००/- प्रति पेटी	५२५/- प्रति बोटल
१८० ML (४८ बोटल)	१०,०००/- प्रति पेटी	१०,४००/- प्रति पेटी	१०,९००/- प्रति पेटी	२७५/- प्रति बोटल